# सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/११/१९)**

यस कम्पनीको सञ्चालक समितिको मिति २०७८ साल फाल्गुण १३ गते शुक्रबार बसेको ६६औं बैठकको निर्णयानुसार कम्पनीको चौथो वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुंदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समयः**

मितिः २०७८/१२/११ (तद्नुसार २५/०३/२०२२), शुक्रबार

स्थानः अलोफ्ट काठमाण्डु ठमेल, छांयादेवी कम्प्लेक्स, ठमेल, काठमाण्डौ।

समयः दिउंसो ३:०० बजे।

**छलफलका विषयहरुः**

**(क) सामान्य प्रस्तावः**

१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७६/०७७ को वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, इक्युटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने बारे।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७७/०७८ को लागि कम्पनीको लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे।

४. सञ्चालक समितिको बैठक भत्ता तथा सुविधा बारे।

५. सर्वसाधारण शेयर सार्वजनिक निष्कासन गर्ने बारे।

**(ख) विशेष प्रस्तावः**

१. कम्पनीको नियमावलीको नियम २७, २९ र ३१ मा आवश्यक संशोधन गर्ने र सो संशोधनमा नियमनकारी निकायबाट कुनै सुझाव वा निर्देशन भएमा सो लाई समावेश गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी दिने बारे।

२. कम्पनीले आर्थिक वर्ष २०७६/०७७ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कोरोना भाइरस (कोभिड १९) को रोकथाम तथा प्रभावितहरुको उपचारका लागि नेपाल सरकारबाट स्थापित Corona Relief and Prevention Fund मा कम्पनीका तर्फबाट गरिएको योगदान/आर्थिक सहायता वापतको रकम रु. ७,५०,०००/- (अक्षेरुपी सात लाख पचास हजार मात्र) कम्पनी ऐन २०६३ को दफा १०५ (१) (ग) बमोजिम अनुमोदन गर्ने बारे।

**(ग) विविध।**

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव


Citizen Life Insurance
समृद्धि तपाईंको, साथ हाम्रो

**सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**

अम्बे कम्प्लेक्स, टेकु, काठमाडौं। फोन: ०१-५३१६०००

Email: info@citizenlifenepal.com | URL: www.citizenlifenepal.com